श्री ५ को सरकार

# पर्यटन मन्त्रालयको

## सूचना १

### पर्वतारोहणसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०४१

पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ लाई संशोधन गर्न वान्छनीय भएकोले, पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पर्वतारोहणसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली २०४२ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ को नियम ५ मा संशोधनः पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) नियम ३ को उपनियम (२) बमोजिम अनुमति पाउने पर्वतारोही दलले हिमालचुली आरोहणको लागि अनुसूची–२ क बमोजिमको दरले परिवर्त्य विदेशी मुद्रामा पर्यटन मन्त्रालयमा सलामी रकम बुझाउनु पर्नेछ ।"

३. मूल नियमावलीमा नियम २४ क. थपः मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४ क थपिएको छ–

"२४ क. अनुसूचीमा हेरफेर गर्न सक्नेः श्री ५ को सरकारले यस नियमावलीको अनुसूचीहरूमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक हेरफेर गर्न सक्नेछ ।"

४. मूल नियमावलीमा अनूसूची २ क. थपः मूल नियमावलीको अनूसूची–२ पछि देहायको अनुसूची २ क. थपिएको छ ।

"अनुसूची २ क

(नियम ५ को उपनियम (१) संग सम्बन्धित)

| हिमालचुलीको वर्गीकरण | सलामी रकम |
|---|---|
| (क) सगरमाथा – | पचपन्न हजार रूपैयाँ |
| (ख) सगरमाथा बाहेक ८,००० मिटरभन्दा बढी उचाइ भएको– | चवालीस हजार रूपैयाँ |
| (ग) ७,५०१ देखि ८,००० मि. सम्म उचाइ भएको– | तेत्तीस हजार रूपैयाँ |
| (घ) ६,६०१ देखि ७,५०० मि. सम्म उचाइ भएको– | बाईस हजार रूपैयाँ |
| (ङ) ६,६०० मि. सम्म उचाइ भएको– | एघार हजार रूपैयाँ |



63C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।